म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २६४ सोमबार, २८ बैशाख २०८३ ने. सं. ११४६ बछलागा 11 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**शान्ति र सद्भाव कायम गरौं ।**

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'संविधानलाई केवल कागजी दस्तावेजकारुपमा नभई व्यवहारमा लागू गर्नुपर्छ'

## संविधान संशोधनभन्दा कार्यान्वयन आवश्यक:मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्र बहादुर बानियाँले संविधान संशोधन भन्दा अघि संविधानको पूर्णकार्यान्वयन आवश्यक रहेको बताएका छन् ।



ललितपुरको जावलाखेल स्थित बागमती प्रदेश सुशासन केन्द्रको सभाहलमा आयोजित 'संविधान संशोधनमा संघीयता र प्रदेश संरचनाको सवाल' विषयक छलफल कार्यक्रममा मुख्यमन्त्री बानियाँले संविधानको मर्मअनुसार व्यवहारिक कार्यान्वयन हुन नसक्दा संघीय प्रणाली प्रभावकारी बन्न नसकेको बताए । उनले आलोचनात्मक तथा संवैधानिक प्रणालीलाई सन्तुलितरुपमा सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै राजनीतिक, प्रशासनिक र शैक्षिक निर्णय शासनको हितमा केन्द्रित हुनुपर्ने धारणा राखे । 'संविधान संशोधनको बहसभन्दा पहिले संविधानले दिएको अधिकार कार्यान्वयन र व्यवस्थापन गर्नुपर्छ,' उनले भने ।

मुख्यमन्त्री बानियाँले संविधानलाई केवल कागजी दस्तावेजका रुपमा नभई व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिए । संविधानमा उल्लेखित व्यवस्थालाई कानुनी र प्रशासनिकरुपमा कार्यान्वयन गर्न नसकिएको भन्दै उनले संघीय, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए । उनले प्रदेश संरचनामाथि भइरहेका बहसहरु यथार्थमा आधारित हुनुपर्ने उल्लेख गर्दै पुरानो सोच र प्रशासनिक शैली परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याए । आधुनिक प्रशासनिक तथा प्रविधिमैत्री संरचना अपनाएर मात्रै संघीयता सफल बनाउन सकिने उनको भनाइ थियो ।

मुख्यमन्त्री बानियाँले नेपालका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली आवश्यक नरहेको धारणा ब्यक्त गरे । वर्तमान संसदीय व्यवस्थाभित्रै सुधार गर्दै मिश्रित निर्वाचन प्रणालीमार्फत स्थायित्व, समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न सकिने उनको धारणा थियो । उनले संविधानअनुसार प्रदेश सरकारहरु अझै प्रभावकारीरुपमा सञ्चालन हुन नसकेको स्वीकार गर्दै कार्यान्वयन पक्ष सुधार गर्नुपर्ने बताए । संघीयता सफल बनाउन सबै राजनीतिक दल र तीनै तहका सरकारबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गरे । 'सबै पक्ष मिलेर काम गरे मात्रै प्रणाली सही दिशामा अघि बढ्न सक्छ,' मुख्यमन्त्री बानियाँले भने ।

### संविधान संशोधन गर्दा प्रदेशलाई थप अधिकार दिनुपर्ने धारणा

अन्तरक्रियाका सहभागीले वर्तमान संविधानमा संघीयता प्रमुख राजनीतिक उपलब्धिकारुपमा रहेको भन्दै तर, अधिकार सम्पन्न नबनाइँदा प्रदेश संरचना प्रभावकारी बन्न नसकेको चर्चा गरे । संविधान संशोधन गर्दा थप अधिकार दिई प्रदेश संरचनालाई जनउत्तरदायी बनाइनुपर्ने उनीहरुको भनाइ छ ।

सरकारद्वारा गठित संविधान संशोधन बहसपत्र निर्माण कार्यदलका सदस्य तथा सांसद मोहनलाल आचार्यले सबै विषयमा तलसम्म खुला छलफल गरेर संशोधनको ड्राफ्ट तयार पारिने बताए । प्रदेशसभा सदस्य र मन्त्रालयको संख्या घटाउन तथा निर्वाचन प्रणालीका त्रुटि सच्याउने विषयमा पनि कार्यदलमा छलफल चलिरहेको उनको भनाइ थियो । उनले केही संवैधानिक आयोगलाई जोडेर छाता आयोग बनाउन सकिने धारणा पनि व्यक्त गरे । नेकपा नेता तथा सरकारी कार्यदलमा नेकपाका प्रतिनिधि देव गुरुङले संविधानका आधारभूत विषयवस्तुमा फेरबदल अमान्य हुने भन्दै कुनकुन धारामा संशोधन गर्न खोजिएको हो भन्नेमा राष्ट्रिय सहमति निर्माण गर्नुपर्ने धारणा व्यक्त गरे ।

कांग्रेस नेता तथा संविधानविद् राधेश्याम अधिकारीले संघीयता विकेन्द्रीकरण मात्रै नभएर शक्ति बाँडफाँट पनि भएको भन्दै २००७ सालदेखि हालसम्म अधिकाँश समय देशको शासकीयस्वरुप केन्द्रीकृत भएकोले हाम्रो मानसिकता समेत मूलरुपमा केन्द्रीकृत नै रहेको बताए । एमाले नेता तथा कार्यदलका सदस्य डा. भीष्मराज अधिकारीले कार्यदलमा अहिलेसम्म सरकारको तर्फबाट संशोधनसम्बन्धी खाका प्रस्तुत नभएको बताए । उनले संघीयता बलियो बनाउँदा देश बलियो हुने भन्दै सबै दलले यो विषय गम्भीर तापूर्वक लिनुपर्ने धारणा राखे । मधेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले मधेश विद्रोहको बलमा संघीयता प्राप्त भएको भन्दै अधिकार विहीन बनाएर प्रदेशलाई आलोचित बनाइएको धारणा राखे ।

'मैले प्रदेश प्रहरी ऐन बनाउन लाग्दा माथिबाट डर र धम्की आयो । यो संघीयता 'अनवान्टेड बेबी' जस्तो भएको छ,' उनले भने । आदिवासी जनजाति महासंघका अध्यक्ष नीमा ह्योल्मो लामाले संघीयताको मूलमर्म नै प्रदेश संरचना भएको भन्दै संशोधनको क्रममा आदिवासी जनजातिका मुद्दा सम्बोधन हुनुपर्ने धारणा राखे । अधिकारकर्मी जेवी विश्वकर्माले संघीयता किन चाहिएको भन्ने कुरा नबुझेसम्म कस्तो बनाउने भन्ने कुराको उत्तर नआउने भन्दै समावेशिताको कुरा गर्दा एलिट वर्गलाई चिडचिडाहट् हुने धारणा राखे । एफएलसी संस्थाका अध्यक्ष तथा संघीयताविद् डा. खिमलाल देवकोटाको अध्यक्षतामा भएको कार्यक्रममा प्रह्लाद लामिछानेले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य नीमा ह्योल्मो गिरी, बागमती प्रदेशका पूर्वमन्त्री तथा आदिवासी जनजाति महासंघका अध्यक्ष नीमा लामा, पूर्वमुख्यसचिव डा. सोमलाल सुवेदी, बागमती प्रदेश नीति योजना आयोगका पूर्वउपाध्यक्ष तथा भूमिविज्ञ डा. जगत बस्नेत, वरिष्ठअधिवक्ता तथा मधेशका पूर्वमुख्य न्यायाधीवक्ता सुरेन्द्रकुमार महतो, कर्णाली प्रदेश नीति योजना आयोगका पूर्वसदस्य डा. दीपेन्द्र रोकाया, काभ्रे महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्वा, नुवाकोट बेलकोटगढी नगरपालिका पूर्वउपप्रमुख कविता ढुंगाना, विभिन्न क्षेत्रका विज्ञहरु जेवी विश्वकर्मा, डा.मञ्चला झा, ईन्दु थारु, पूजा चौधरी, पर्शुराम उपाध्याय, प्रकाश रेग्मीलगायतले धारणा व्यक्त गरे ।

## हेटौंडामा अनधिकृत तीनपांग्रे सञ्चालनमा रोक



साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ हेटौंडा उपमहानगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालन हुँदै आएका तीनपांग्रे अटो तथा विद्युतीय सवारीसाधन व्यवस्थापनमा कडाइ गर्ने भएको छ ।

उपमहानगरपालिकाले सूचना जारी गर्दै २०७६ साल भन्दा पछाडि दर्ता भएका तीनपांग्रे सवारी सञ्चालन गर्न निषेध गरिने जनाएको छ । उपमहानगरकाअनुसार हाल स्टिकर टाँस गरी सञ्चालन अनुमति प्राप्त तीनपांग्रे सवारी साधनको संख्या २ हजार ३५ रहेको छ । तर, विभिन्न गाउँपालिका तथा बाहिरी जिल्लाबाट आएर अनुमतिबिना सञ्चालन भइरहेको अटोको संख्या बढेपछि नियन्त्रणका लागि कडाइ गरिएको जनाइएको छ । सूचनामा उल्लेख भएअनुसार तीनपांग्रे सवारीसाधन व्यवस्थापनसम्बन्धी नीति, नियम तथा कानुनी व्यवस्था निर्माणको प्रक्रिया अघि बढिरहेको छ ।

आगामी दिनमा विद्युतीय सवारीसाधनलाई व्यवस्थित बनाउन एक्सचेन्ज प्रणालीमार्फत व्यवस्थापन गरिने तयारी भइरहेको जनाइएको छ । उपमहानगरले अनुमति नलिएका तथा स्टिकर नभएका सवारीसाधनलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय र नगरप्रहरीसँगको समन्वयमा अनुगमन गरी नियन्त्रणमा लिई कार्वाहीको दायरामा ल्याइने चेतावनी दिएको छ ।

बजारमा विभिन्न कम्पनीले रातो नम्बर प्लेटको प्रलोभन देखाएर अटो बिक्री गरिरहेको गुनासो आएपछि उपमहानगरले सर्वसाधारणलाई सचेत रहन आग्रह गरेको छ । अनुमति नलिई सञ्चालन गर्न नमिल्ने भएकाले यस्ता सवारीसाधन खरिद गर्दा विशेष सावधानी अपनाउन नगरवासीलाई अनुरोध गरिएको छ ।

उपमहानगरले सूचना अवज्ञा गरी सवारीसाधन खरिद वा सञ्चालन गरेमा त्यसबाट उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाले स्वयं वहन गर्नुपर्ने स्पष्ट पारेको छ ।

उपमहानगरले तीनपाँग्रे विद्युतीय तथा अटो मेकानिक्स सवारीसाधनको संख्या एकिन गरी २०७६ साल पुस ६ गतेदेखि हरेकवर्ष स्टिकर टाँस गरेर मात्रै सञ्चालन अनुमति दिदै आएको नगर प्रवक्ता सबिन न्यौपानेले जानकारी दिएका छन् ।

## सहकारी पत्रकारिता तालिम सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ बागमती प्रदेशको पर्यटकीय नगरी भक्तपुरको नगरकोटमा सहकारी पत्रकारिता तालिम तथा क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ ।

सहकारी तथा गरिबी मन्त्रालय बागमती प्रदेशको सहयोगमा पत्रकार महासंघ बागमती प्रदेशको आयोजनामा कार्यक्रम गरिएको हो । शनिबार र आइतबार दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा प्रदेशका १३ जिल्लाबाट ४० जना पत्रकारको सहभागिता रहेको थियो । कार्यक्रममा सहकारी पत्रकारिता, सहकारी संस्थाको वित्तीय विवरण विश्लेषण तथा मिथ्या सूचना र तथ्य जाँचसम्बन्धी विषयमा अभिमुखीकरण र छलफल गरिएको पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरले जानकारी दिएका छन् ।

सहकारी पत्रकारिता विषयमा सहकारी पत्रकार समाजका संस्थापक अध्यक्ष यादव हुमागाईं, वित्तीय विवरण विश्लेषण विषयमा राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सीए बद्रीकुमार गुरागाईं र मिथ्या सूचना तथा तथ्य जाँच विषयमा टेकपानाका हिक्मत आचार्यले सहजीकरण गरेका थिए । कार्यक्रममा बागमती प्रदेश सरकारका सहकारी तथा गरिबी निवारणमन्त्री विनु रायमाझी पौडेल, नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव रामप्रसाद दाहाल, केन्द्रीय सदस्य सूर्य सुवेदी, महासंघ ललितपुर अध्यक्ष रामहरि कार्की तथा फोनिज बागमती प्रदेश अध्यक्ष युवराज श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।






साझाकुरा

## हाम्रो कुरा

# उत्पादन घट्ने चिन्तामा थाहाका किसान

यसवर्षको वैशाख महिनामा असामान्यरुपमा दैनिकजसो वर्षा हुन थालेपछि मकवानपुरको थाहा नगरका तरकारी उत्पादक कृषक गम्भीर चिन्तामा परेका छन् । विशेषगरी आलुखेती गर्ने कृषक अहिले आलुमा डढुवा रोगको प्रकोपका कारण निराश र अन्योलग्रस्त बनेका छन् । मौसमको अनियमितताले कृषिक्षेत्रमा पारेको असरको यो एउटा प्रतिनिधि उदाहरण मात्र हो, जसले राज्यको कृषिनीति, मौसम पूर्वानुमान प्रणाली र कृषक संरक्षणका कार्यक्रममाथि गम्भीर प्रश्न उठाएको छ । आलु थाहा नगर पालिकाको प्रमुख नगदेबालीमध्ये एक हो । यहाँका कृषकले परम्परागतरुपमा जेठ महिनाको पहिलो सातादेखि आलु खनेर बजारमा पठाउने गरेका थिए । यसैबाट उनीहरुको वार्षिक आम्दानीको ठूलो हिस्सा सुनिश्चित हुन्थ्यो । तर, यसवर्ष आलु बढ्ने संवेदनशील समयमा निरन्तर पानी परेपछि डढुवारोग तीव्ररुपमा फैलिएको किसानले बताएका छन् । रोग लागेका आलुका बोट कालो भएर सुक्न थालेका छन् । बोटमै रोग लागेकाले उत्पादन मात्र होइन, आलुको आकार र गुणस्तरसमेत घट्ने निश्चितजस्तै देखिएको छ । यसले कृषकको लगानी डुब्ने र ऋणतिर्न नसक्ने अवस्था सिर्जना गर्नसक्छ । डढुवा रोग नयाँ समस्या होइन ।

हरेकवर्ष कुनै न कुनै रुपमा देखिने यो रोग यसपटक मौसमको प्रतिकूलताका कारण नियन्त्रणबाहिर गएको देखिन्छ । निरन्तरको चिस्यान, घाम नलाग्ने अवस्था र उच्च आर्द्रताले रोग फैलन अनुकूल वातावरण बनाएको छ । कृषकले औषधि छर्किए पनि पानीले बगाइदिने, रोग झनै फैलिने र खर्चमात्र बढ्ने अवस्था आएको गुनासो गरिरहेका छन् । यस्तो अवस्थामा 'कहिले आलु खन्ने ?' भन्ने प्रश्नको जवाफ उनीहरुसँग छैन । यो समस्या केवल थाहा नगरपालिकासम्म सीमित छैन । जलवायु परिवर्तनका कारण देशभर कृषक यस्तै अनिश्चिततामा बाँचिरहेका छन् । तर, समस्या थाहा हुँदाहुँदै पनि त्यसको पूर्वतयारी र व्यवस्थापनमा राज्य कमजोर देखिएको छ । मौसम पूर्वानुमान प्रणाली अझैसम्म गाउँ-गाउँका कृषकले विश्वास गरेर प्रयोग गर्नसक्ने अवस्थामा छैन । यदि समयमै अत्यधिक वर्षाको चेतावनी र रोगको सम्भावनाबारे सूचना पुगेको भए, कृषकले केही हदसम्म सावधानी अपनाउन सक्थे । कृषिप्राविधिक सेवा पनि यस्ता संकटका बेला प्रभावकारीरुपमा पुग्न सकेको देखिँदैन । कृषकलाई रोग नियन्त्रणका वैज्ञानिक उपाय, उपयुक्त औषधि, छर्किने सही समय र वैकल्पिक व्यवस्थाबारे तत्काल परामर्श आवश्यक हुन्छ । तर, अधिकांश कृषक आफैं अनुमानका भरमा औषधि प्रयोग गर्न बाध्य छन् । यसले लागत बढाउनुका साथै माटो र वातावरणमा दीर्घकालीन नकारात्मक असर पनि पार्न सक्छ । यसको असर सीधै उपभोक्ताको स्वास्थ्यमा पनि नपर्ला भन्न सकिन्न । अर्को गम्भीर पक्ष भनेको क्षतिपूर्ति र राहतको सवाल हो । प्राकृतिक प्रकोप वा रोगका कारण बाली नष्ट हुँदा कृषकलाई राहत दिने स्पष्ट र सहज प्रणाली अझैसम्म प्रभावकारी बनेको छैन ।

बालीबीमा कार्यक्रम कागजमै सीमित छन् वा प्रक्रियागत झन्झटका कारण कृषकको पहुँचभन्दा बाहिर छन् । यस्तो अवस्थामा सानाकिसान झन् जोखिममा पर्छन् । यस संकटलाई केवल 'मौसमको दोष' भनेर पन्छाउन मिल्दैन । दीर्घकालीन समाधानका लागि जलवायु अनुकूल कृषि प्रणाली विकास गर्नु आजको आवश्यकता हो । रोगप्रतिरोधी जातका आलु, पानी निकासको राम्रो व्यवस्था, वैकल्पिक खेती प्रणाली र समयसापेक्ष कृषि अनुसन्धानमा लगानी बढाउनैपर्छ । स्थानीय तहले कृषकसँग प्रत्यक्ष समन्वय गरेर तत्कालीन समस्या समाधानमा सक्रिय भूमिका खेल्नुपर्छ । थाहा नगरका आलुकृषकको पीडा राज्यका लागि चेतावनी हो । यदि आज आलु खेतमै सड्न दिएर हामी चुप बस्यौं भने भोलि खाद्यसुरक्षामाथि नै प्रश्न उठ्नेछ । कृषक बचेन भने कृषि बच्दैन, र कृषिबिना देशको समृद्धि सम्भव छैन । त्यसैले यो संकटलाई गम्भीरतापूर्वक लिएर तत्काल राहत, प्राविधिक सहयोग र दीर्घकालीन नीति सुधारतर्फ राज्य अग्रसर हुनैपर्छ । कृषकको पसिना र आशा दुवै जोगाउनु आजको सबैभन्दा ठूलो जिम्मेवारी हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख २९ गते मंगलबार १२ मे २०२६ । दशमी, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:१९ सूर्यास्त ६:४३ । विश्व नर्स दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# सत्तामा पुग्नुमात्रै होइन राजनीति



✍ बिनु सुवेदी

उहिले प्रदीप गिरि राजनीतिक विचार धारा र दर्शनका कुराहरू गर्थे । सुन्न लालयित हुनेहरू उनी जहाँ बोल्छन्, त्यहीं जान्थे । ध्यान दिएर सुन्थे । कतिले मनन पनि गरे हुनन्, कतिले एक कानले सुने अर्को कानले उडाए । अहिले दार्शनिक कुरा गर्ने सवालमा प्रदीप गिरिकै बिँडो थामेका एक नेता छन्, घनश्याम भूसाल । राजनीति मूलत: सिद्धान्तबाटै निर्देशित हुनुपर्छ भन्ने उनको सिद्धान्त छ । हमेसा वैचारिकीमा टिकेर राजनीति गर्नुपर्छ भन्ने हुँदा उनलाई उनी नै उदाएको पार्टी एमालेले राम्रो मानेन, उनी महासचिव भएर चलाएको समाजवादीले पनि आफ्नो ठानेन । उनका समकालीन मात्रै होइन, विद्यार्थी र कार्यकर्तासमेत भन्ने गर्थे- के सिद्धान्तले खान दिन्छ ? मैले पनि बेला-बेला उनलाई भन्ने गर्थें- अलिकति व्यावहारिक हुन पऱ्यो ।

उनलाई दिइने सुझाव र तर्कहरू आफ्नो ठाउँमा छ । तर वैचारिकी विना राजनीति सही दिशामा जान सक्दैन भन्ने अडानमा भूसाल आज पनि प्रतिबद्ध छन्, जहाँ उभिएर भए पनि बोलेका छन् । सायद हाम्रा प्रधानमन्त्री बालेन शाहले संकेत गरेको राजनीति सिकाउने गुरु 'भूसाल'हरू नै हुन् । यति भनेपछि अब म राजनीति दिगो हुन किन सिद्धान्त चाहिन्छ भनेर आफ्ना तर्क राख्छु, किनभने अन्टसन्ट गरेर न देश चल्छ न राजनीति टिक्छ भन्नेमा म पनि पूर्णत कन्भिन्स छु । जनताले दशकौंसम्म विभिन्न राजनीतिक आन्दोलनमा भाग लिए, बलिदान दिए, शासन व्यवस्था फेरे, संविधान बनाए, राजतन्त्र अन्त्य गरे, गणतन्त्र स्थापना गरेह तर यति धेरै परिवर्तनपछि पनि आम मानिसको जीवनमा अपेक्षित परिवर्तन किन देखिएन भन्ने प्रश्न अहिलेको मूल प्रश्न हो । यिनै प्रश्नहरूको जवाफ नपाएपछि नै अर्को सहायक प्रश्न बलशाली बनेर आएको हो- के सिद्धान्तले खान दिन्छ ?

यही निराशाले अहिले पुराना राजनीतिक दलहरूप्रति वितृष्णा र नयाँ राजनीतिक शक्तिहरूप्रति असाधारण आकर्षण सिर्जना गरेको हो । तर यसबाट 'पुराना खराब र नयाँ राम्रा' भन्ने सरल निष्कर्षमा पुग्न भने सकिँदैन । यसको गहिरो सम्बन्ध राजनीति, विचारधारा र आम मानिसको मनोविज्ञानसँग जोडिएको छ । जर्मन दार्शनिक कार्ल मार्क्सले आफ्नो चर्चित लेख 'थेसिस अन फायरबाख' (१८४५) मा लेखेका थिए, 'दार्शनिकहरूले संसारलाई विभिन्न तरिकाले व्याख्या गरेका छन् तर मुख्य कुरा संसारलाई बदल्नु हो ।' हो पनि, राजनीति शासन सञ्चालन गर्ने कला मात्रै होइन, समाजलाई कुन दिशामा लैजाने भन्ने मार्ग निर्देशन पनि हो । यदि राजनीतिसँग भविष्यको दृष्टि छैन भने त्यो सत्ता व्यवस्थापनमा मात्रै सीमित हुन्छ र दीर्घकालीन हुँदैन भन्ने त हामीले देखे-भोगेकै छौं ।

समाज कस्तो छ, कस्तो हुनुपर्छ र परिवर्तन कसरी सम्भव हुन्छ भन्ने व्यवस्थित विचारहरूको समूह नै राजनीतिक विचारधारा हो । विचारधाराले वर्तमान समाजको व्याख्या, आदर्श समाजको कल्पना र परिवर्तनको बाटो निर्धारण गर्छ । यही कारण राजनीति र विचार धारालाई अलग गर्न सकिँदैन । कुनै दल वा नेताले 'हामी विचारधारामा विश्वास गर्दैनौं' भने पनि त्यो आफैंमा एउटा राजनीतिक दृष्टिकोण हो । यो दृष्टिकोण अहिले मुलुकमा चर्चित छ ।

विश्व राजनीति पनि क्रमश: विचार भन्दा छवि, नीतिभन्दा नारामा सीमित हुँदै गएको छ । सामाजिक सञ्जालको प्रभावले राजनीतिलाई अझ बढी भावनात्मक बनाएको छ । अब मानिसहरूले राजनीतिक दलका घोषणापत्र कम र छोटा भिडियो, भाषणका क्लिप र सामाजिक सञ्जालका प्रतिक्रियाबाट धारणा बनाउन थालेका छन् । यही कारणले अहिले विश्वभर लोकप्रियतावादी राजनीतिले बल पाइरहेको छ । तर इतिहासले बारम्बार एउटा कुरा देखाएको छ- लोकप्रियताले मात्रै राष्ट्र चल्दैन । राष्ट्रलाई दीर्घकालीन दिशा दिन विचार, नीति र संस्थागत उत्तरदायित्व आवश्यक हुन्छ ।

हामी पनि अहिले यही विश्वव्यापी राजनीतिक संकटको नेपाली संस्करणसँग जुधिरहेका छौं । पुराना दलहरूले आफ्ना सिद्धान्तलाई व्यवहारमा कमजोर बनाए, नयाँ शक्तिहरूले अझै स्पष्ट वैचारिक आधार निर्माण गर्न सकेका छैनन् । यस्तो अवस्थामा राजनीति आशा र आक्रोशको मिश्रणमा बदलिन्छ । यही अवस्थालाई बुझ्न अहिले विचारधाराको आवश्यकता, पपुलिज्मको उदय, विश्व राजनीतिका उदाहरण र नेपालको राजनीतिक इतिहासलाई एकसाथ हेर्न आवश्यक छ । राजनीतिमा विचारधारा आवश्यक छ भन्ने कुरा आज धेरै मानिसलाई पुरानो वा अप्रासंगिक जस्तो लाग्न सक्छ । विशेषगरी युवापुस्तामा काम गर्ने नेता चाहियो, विचारधारा होइन भन्ने धारणा बलियो बन्दै गएको छ । यसको मुख्य कारण विगतका राजनीतिक दलहरूले आफ्ना सिद्धान्त व्यवहारमा लागु गर्न नसक्नु हो ।

तर, केही राजनीतिक दलहरू असफल भए भन्दैमा विचारधारा नै आवश्यक छैन भन्ने निष्कर्षमा पुग्नु खतरनाक हुन्छ । किनकि, विचारधारा बिनाको राजनीति अन्तत: दिशा बिनाको यात्रामा बदलिन्छ । विचारधाराले राजनीतिलाई नैतिक आधार दिन्छ । यसले कुनै दल वा नेतालाई केका लागि राजनीति गरिरहेको छ भन्ने स्पष्ट बनाउँछ । उदाहरणका लागि, यदि कुनै दल समाजवादी हो भने जनताले उसलाई समानता, सामाजिक न्याय, श्रमिक अधिकार र कल्याणकारी राज्यका आधारमा मूल्याङ्कन गर्न सक्छन् । यदि कुनै दल उदारवादी हो भने नागरिक स्वतन्त्रता, व्यक्तिगत अधिकार र खुला अर्थतन्त्रका आधारमा प्रश्न गर्न सकिन्छ । तर कुनै दलले 'हामी न दायाँ न बायाँ' भन्छ भने उसलाई कुन आधारमा मूल्याङ्कन गर्ने भन्ने अन्योल हुन्छ । किनकि, त्यहाँ कुनै स्पष्ट वैचारिक मापदण्ड नै हुँदैन ।

अझ स्पष्ट भन्दा राजनीतिमा विचार धाराले नै आधुनिक राष्ट्रहरूको दिशा निर्धारण गरेको हो । अमेरिकाको उदय उदारवादी लोकतन्त्र र खुला बजार अर्थतन्त्रको विचारसँग जोडिएको थियो । युरोपमा दोस्रो विश्वयुद्धपछि सामाजिक लोकतन्त्रको अवधारणाले कल्याणकारी राज्य निर्माण गऱ्यो । स्क्यान्डिनेभियन देशहरू स्विडेन, नर्वे, डेनमार्कले समाजवादी संवेदनशिलता र लोकतान्त्रिक संस्थालाई मिलाएर संसारकै समृद्ध र समानतामूलक समाज निर्माण गरे । चीनले कम्युनिस्ट राजनीतिक संरचनासँग बजार अर्थतन्त्रलाई जोडेर आर्थिक शक्ति निर्माण गऱ्यो । अर्थात्, सफल राष्ट्रहरू केवल 'काम गर्ने मानिस' बाट होइन, स्पष्ट राजनीतिक दृष्टिकोणबाट बनेका हुन् ।

**निराशाको चक्रले निम्त्याएको संकट**

नेपालको इतिहास शासन व्यवस्था फेरिएको मात्र होइन, आशा र निराशा दोहोरि इरहेको इतिहास पनि हो । हरेक पुस्ताले कुनै न कुनै राजनीतिक शक्तिलाई 'अब यही विकल्प हो' भनेर विश्वास गऱ्यो, आन्दोलन गऱ्यो, परिवर्तन ल्यायो तर केही समयपछि फेरि त्यही प्रश्न दोहोरियो । आखिर देश किन बदलिन सकेन ? किन हरेक आन्दोलनपछि जनता फेरि निराश हुन्छन् ? किन राजनीतिक परिवर्तनहरू जनताको जीवनमा स्थायी रूपान्तरणमा बदलिन सकेनन् ?

यो प्रश्नको उत्तर नेता खराब भए, दल भ्रष्ट भए वा व्यवस्था असफल भयो भन्नेमा मात्रै सीमित छैन । नेपालको राजनीतिक संकट गहिरो वैचारिक संकट पनि हो । मूल समस्या राजनीतिक नेतृत्वको त हो नै साथमा राजनीतिक संस्कृतिको पनि हो । राणा शासनको समयदेखि नै नेपालको राजनीति शक्ति संरक्षणमा केन्द्रित रह्यो । जंगबहादुर राणाले स्थापना गरेको शासन व्यवस्था कुनै आधुनिक विचार धारामा आधारित थिएन । राज्य शासक खलकको सम्पत्ति जस्तै थियो । जनतालाई अधिकारसम्पन्न नागरिक होइन, शासनको अधिनमा रहेको प्रजा ठानिन्थ्यो । शिक्षा सीमित थियो, प्रेस स्वतन्त्रता थिएन, राजनीतिक संगठन अपराध मानिन्थ्यो । राज्य र नागरिकबीच अधिकारको सम्बन्ध थिएन, आदेश र अधिनताको सम्बन्ध थियो ।

तर, इतिहासको एउटा गहिरो सत्य के हो भने, दमनले अन्तत: प्रतिरोध जन्माउँछ । राणा शासनको कठोर निरंकुशताले नै नेपालमा आधुनिक लोकतान्त्रिक चेतनालाई निम्तो दियो । भारतमा अध्ययन गरेका नेपाली युवाहरू, बनारस र कोलकातामा सक्रिय राजनीतिक समूहहरू र विश्वभर फैलिरहेको लोकतान्त्रिक तथा समाजवादी चेतनाले नेपालभित्र पनि परिवर्तनको आकांक्षा जन्मायो । त्यही पृष्ठभूमिबाट नेपाली कांग्रेस उदायो । नेपाली कांग्रेसले पहिलो पटक नेपाली राजनीतिमा लोकतन्त्र, नागरिक स्वतन्त्रता र समाजवादलाई जोडेर आधुनिक राजनीतिक आन्दोलन निर्माण गऱ्यो । विशेषत: बीपी कोइरालाले प्रजातान्त्रिक समाजवादको अवधारणा अघि सारे । उनी सोभियत शैलीको कठोर कम्युनिस्ट राज्य चाहँदैनथे, तर अनियन्त्रित पूँजीवादको पक्षमा पनि थिएनन् ।

बीपीले राजनीतिक स्वतन्त्रता र आर्थिक समानतालाई सँगै जोड्न खोजेका थिए । संसारका स्क्यान्डिनेभियन देशहरूले यही मोडेललाई सफलतापूर्वक लागु गरे । स्विडेन, नर्वे र डेनमार्क जस्ता देशहरूले लोकतान्त्रिक प्रणालीभित्रै समाजवादी संवेदनशिलता लागु गर्दै कल्याणकारी राज्य निर्माण गरे । सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा र सामाजिक सुरक्षालाई राज्यको दायित्व बनाइयो । समाजवाद त्यहाँ भाषणमा होइन, राज्य संरचनामा देखियो । तर, नेपालमा कांग्रेस विस्तारै आफ्नो वैचारिक धरातलबाट कमजोर हुँदै गयो । आन्दोलनको पार्टी क्रमश: सत्ताको पार्टीमा बदलिन थाल्यो । गुटबन्दी, परिवारवाद, भागबन्डा र सत्ता केन्द्रित संस्कृतिले विचारलाई कमजोर बनायो । जनताले कांग्रेसलाई विचारधारात्मक आन्दोलनभन्दा पुरानो सत्ता संरचनाको हिस्सेदार मान्न थाले ।

त्यसपछि नेपालको अर्को ठूलो राजनीतिक धारा कम्युनिस्ट आन्दोलन बन्यो । कार्ल मार्क्स, भ्लादिमिर लेनिन र माओत्से तुङको विचारबाट प्रेरित नेपाली कम्युनिस्ट आन्दोलनले वर्गीय समानता, भूमिसुधार, श्रमिक अधिकार र सामाजिक न्यायका मुद्दालाई राष्ट्रिय बहसको केन्द्रमा ल्यायो । मदन भण्डारीको जनताको बहुदलीय जनवादलाई एमालेले अहिले पनि आफ्नो विचार त मान्छ तर व्यवहारमा भने लागु गर्न सकेको छैन । माओवादी आन्दोलनले नेपालको पुरानो सत्ता संरचनालाई हल्लाइदियो । गणतन्त्र, संघीयता, समावेशिता र सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई राष्ट्रिय राजनीतिक मुद्दा बनाउने काम माओवादी आन्दोलनले गऱ्यो । यदि विभिन्न चरणमा विचारले निर्देशित यी आन्दोलनहरू नभएको भए नेपाल सम्भवत: अझै पनि पुरानै केन्द्रीकृत राजनीतिक संरचनामा अड्किएको हुन सक्थ्यो ।

तर, जसै कम्युनिस्टहरू सत्तामा पुगे, समस्या त्यहींबाट सुरु भयो । क्रान्तिकारी आदर्श विस्तारै सत्ताकेन्द्रित व्यवहारमा बदलिन थाले । आन्दोलनको ऊर्जा संस्थागत सुधारमा होइन, शक्ति बाँडफाँटमा खर्चिन थालियो । संगठन भित्र वैचारिक बहसभन्दा नेतृत्वको प्रतिस्पर्धा बलियो भयो । भ्रष्टाचार, अवसरवाद र विलासी राजनीतिक संस्कृतिले आन्दोलनको नैतिक आधार कमजोर बनायो । आज धेरै युवाले कम्युनिस्ट राजनीतिलाई समानताको आन्दोलनभन्दा सत्ताको गठजोडको प्रतीकका रूपमा हेर्न थालेका छन् । यही निराशाको बीचमा अहिले राष्ट्रिय स्वतन्त्र पार्टी र वर्तमान प्रधानमन्त्री बालेन शाह उदाएका हुन् । उनीहरूको उदय आकस्मिक होइन । यो लामो राजनीतिक निराशाको परिणाम हो । जनताले पुराना दलहरूबाट आशा गुमाउन थालेपछि नयाँ अनुहारहरूमा सम्भावना देख्न थाले ।

विशेषत: बालेन शाहले आफूलाई परम्परागत राजनीतिक भाषाभन्दा फरक शैलीमा प्रस्तुत गरे । सामाजिक सञ्जालको प्रभावकारी प्रयोग, प्रत्यक्ष हस्तक्षेप र प्रशासनिक कठोरताले युवापुस्तामा अब केही बदलिन सक्छ भन्ने मनोविज्ञान विकास गऱ्यो । रास्वपाले पनि आफूलाई पुरानो राजनीतिक संस्कृतिको विकल्पका रूपमा प्रस्तुत गऱ्यो । पु राना दलप्रतिको वितृष्णा, भ्रष्टाचारविरोधी छवि र युवा पुस्ताको भाषाले उनीहरूलाई तीव्र लोकप्रियता दियो। तर, यहाँ एउटा गम्भीर प्रश्न उठ्छ- के 'एन्टी-एस्टाब्लिसमेन्ट' भएर मात्र राजनीति टिक्छ ?

राजनीतिका इतिहासहरू भन्छन्- असन्तोषले आन्दोलन जन्माउन सक्छ, तर राष्ट्र निर्माण गर्न सक्दैन । अमेरिकामा डोनाल्ड ट्रम्प, इटालीको फाइभ स्टार मुभमेन्ट, फ्रान्समा इमानुएल म्याक्रोंहरू परम्परागत राजनीतिक संरचनाविरुद्धको प्रतिक्रियाबाट उदाएका थिए । सुरुमा उनीहरूले ठूलो जनसमर्थन पाए । तर समयसँगै उनीहरूलाई एउटै प्रश्नले घेर्न थाल्यो- उनीहरू देशलाई कुन दिशातिर लैजान चाहन्छन् । किनकि, कुनै पनि राजनीतिक शक्तिले वर्तमान समाजको आलोचना मात्र होइन, भविष्यको समाजको स्पष्ट दृष्टि पनि दिनुपर्छ । विकल्प देखाउन सक्नुपर्छ । नेपालमा अहिले यही प्रश्न नयाँ शक्तिसामु उभिएको छ । आर्थिक मोडेल के हो ? संघीयताबारे दृष्टिकोण के हो ? सामाजिक न्याय कसरी सुनिश्चित गर्ने ? राज्यको भूमिका कति हुने ? निजी क्षेत्र र सार्वजनिक क्षेत्रबीचको सम्बन्ध कस्तो हुने ? यदि यी प्रश्नको स्पष्ट उत्तर छैन भने राजनीति व्यक्तित्वमा सीमित हुन्छ । व्यक्तित्व लोकप्रिय हुन सक्छ, तर संस्था निर्माण गर्न सक्दैन ।

अहिले नेपालको सबैभन्दा ठूलो आवश्यकता नयाँ अनुहारसँगै नयाँ राजनीतिक संस्कारको पनि हो । किनभने, विगतमा हामीले लोकतन्त्र ल्यायौं तर लोकतान्त्रिक संस्कार बलियो बनाउन सकेनौं । हामीले समाजवादको नारा लगायौं, तर समानताको संस्थागत अभ्यास गर्न सकेनौं । अहिले पनि हामीले नयाँ शक्तिलाई स्वागत गरिरहेका छौं । तर उनीहरूबाट स्पष्ट वैचारिक उत्तरदायित्व मागिरहेका छैनौं । यदि राजनीति ट्रेन्डिङ व्यक्तित्वको प्रतिस्पर्धामा सीमित भयो भने केही वर्षपछि फेरि अर्को निराशा जन्मिनेछ । तर नयाँ शक्तिहरूले आफूलाई वैचारिक, संस्थागत र उत्तरदायी राजनीतिक संस्कृतिमा रूपान्तरण गर्न सके भने चाहिँ नेपालले नयाँ दिशा पाउन सक्छ । किनभने, राजनीति विचार बिनाको यात्रा होइन । विचार नभए सत्ता त हुन्छ, तर दिशा हुँदैन । दिशाविहीन सत्ताको आयु छोटो हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# सेवा प्रवाह, सुशासन र ट्रेड युनियन

✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको रूपमा परिकल्पना गरेको हो । पहिले जनप्रतिनिधिविना नै सञ्चालित स्थानीय निकायहरूमा स्थानीय स्वायत्त शासनको संस्थागत विकास हुन सकेको थिएन । आम नागरिकलाई शासन सञ्चालनमा भावनात्मक सहभागी बनाउने उद्देश्यले मुलुक संघीयतामा परिणत भयो । शासनका सबै प्रक्रियामा स्वामित्व स्थापित गर्न, उत्तरदायी राजनीतिक प्रणालीको विकास गर्न, सेवा-सुविधाहरू घरदैलोबाटै प्राप्त गर्न/गराउने उद्देश्यले मुलुक संघीयतामा प्रवेश गरेको हो । विगतमा विभेद भयो भन्दै एकात्मक राज्य प्रणालीलाई विकेन्द्रीकृत संघीय प्रणालीमा परिणत गर्दा सबै किसिमका विभेद अन्त्य हुने अपेक्षा गरिएको थियो ।

संघात्मक राज्य प्रणालीमा राज्यको शक्ति, साधन-स्रोत एवं जिम्मेवारी बाँडफाँड भएको हुन्छ । प्रदेश एवं स्थानीय तहमा पूर्णरूपमा अधिकार प्रत्यायोजित हुन्छ । तर देशमा सोचेजस्तो भएन, बढी राजनीतीकरण भयो, ट्रेड युनियनहरु हाबी भए । निजामती सेवा र सेवा प्रवाह नाम मात्रको भयो, बेथिति धेरै बढ्यो । संघीय निजामती सेवा ऐन पनि आउन सकेन ।

**करार र दरार :**

धेरै संयन्त्रहरुमा करारका कर्मचारीबाट काम चलाइयो, भर्नां करार भयो र सम्बद्ध निकायहरुका बीच दरार बढ्यो । ४६ साल र ६२ सालपछि देशमा ऐन-कानुनहरु व्यापक परिवर्तन भए तर संघीय निजामती सेवा ऐन वा शिक्षा ऐन नै आएन । बरु करार सेवा नियम २०२६, नियम २ प्रयोग गर्दै कर्मचारीहरु करारमा लिने गरियो ।

देशमा करारअन्तर्गत नै सबैभन्दा धेरै कर्मचारी स्थानीय तहमा ३५ हजार बढी, प्रदेशमा ६ हजारभन्दा बढी र संघमा १४ हजार बढी अनि बोर्ड, समितिलगायत अन्य इकाइहरुमा ६ हजार कर्मचारी बढी करारमै रहे । अहिले त यकिन अभिलेख नै छैन । कर्मचारीको व्यवस्थापन गर्ने सेन्ट्रल पर्सोनेल एजेन्सीको रुपमा पहिले प्रशासन व्यवस्था विभाग थियो, छुट्टै मन्त्रालयको आवश्यकता महसुस गरी सामान्य प्रशासन मन्त्रालयको स्थापना गरियो । देश संघीयतामा गयो र कर्मचारीप्रति अधिक राजनीतीकरण हुने संघीय मन्त्रालयमा गाभियो, झन् बढी दरार कायम भयो । प्रशासन यन्त्र लथालिंग हुँदा, सेवा प्रवाह नाम मात्र हुँदा अति भएर भाद्रको आन्दोलन भएको हो । अहिलेसम्म पेन्सन पाउने कर्मचारीको हदसम्म निजामती किताबखानाले केही अभिलेख अद्यावधिक गरेको छ, पीआईएस प्रणाली भनेको छ तर पनि अन्य निकायहरुको स्थायी, अस्थायी, ज्यालादारी वा करारका कर्मचारीहरुको यकिन अभिलेख छैन ।

कर्मचारीहरु भने वर्षौंदेखि कार्यरत छन् । स्वत: स्थायीको माग गर्दै छन् । सामाजिक सुरक्षामा आबद्ध हुन चाहन्छन् । हटाइने हो भने गोल्डेन ह्यान्डसेकबाट मात्रै हटाइनुपर्छ भन्नेमा छन् । यी मागमा युनियनको दबदबा रह्यो मात्रै होइन, युनियन आबद्ध कर्मचारी काम नगरी दिन बिताए । राज्यका भवनलगायतका सुविधा अनि मालदार कार्यालयको सरुवा खाए । अब अध्यादेशमार्फत यी सबैको सातो लिने काम बालेन सरकारले गरेको छ र सबै सुविधाको अन्त्य गर्न भरखरै परिपत्र भएको छ । मुख्य मन्त्रालय नै प्रम कार्यालय आबद्ध हुने र कर्मचारीका लागि मुख्य सचिवको अध्यक्षतामा बोर्ड गठन हुने भनिएको छ ।

प्रशासनले कर्मचारीहरुको यकिन अभिलेख पठाउन महिनैपिच्छे परिपत्र गर्ने गऱ्यो तर कसैले टेरपुच्छर लाएनन् । अर्थ मन्त्रलायले पनि बेला-बेला यसको अभिलेख माग्यो, उसको सहमतिबेगर कर्मचारी पूर्ति नगर्नू पनि भन्यो तर यस्ता आदेशहरु कार्यान्वयन नै भएनन् । यहाँसम्म कि ओ एन्ड एम सर्भेविना, भर्ना कर्मचारीको आवश्यकता, कामको भार विश्लेषण गरेर मात्रै स्थायी दरबन्दी सिर्जना गर्ने र स्थायी पूर्ति नभएसम्मका लागि छोटो समयलाई स्वीकृति लिएर करारमा कर्मचारी राख्न पाउने प्रावधानलाई सबैजसोले लत्याए ।

महालेखाले बर्सैपिच्छे यस्ता कर्मचारीको भुक्तानीमा बेरुजु चढायो तर काममा सुधार भएन । कति हदसम्म त यस्ता कर्मचारीको नियुक्ति दिने पदाधिकारीबाटै रकम सरकारी बाँकीसरह असुलउपर गर्नेसम्मको प्रावधान रह्यो तर प्रयोगमा आएन । देश सम्पूर्णमा निजामती सेवामा १ लाख ३६ हजार १२२ जना कर्मचारीको दरबन्दी स्वीकृत हो, तर पूर्ति केवल ८५ हजार ६५६ जनाको मात्र भयो, निश्चित अवधिका लागि तल्लो तहका कार्यालय सहयोगी, सवारी चालक, प्लम्बर, इलेक्ट्रिसियन, माली करारमा लिन पाउने प्रावधान रह्यो तर देशमा अस्थायी, करारका कर्मचारीहरु नै ६० हजारको संख्या भएको कर्मचारी श्रमिक संघको भनाइ आयो । २०७५।०७६ को बजेटमा त करारका कर्मचारीको तलब पनि रोकियो तर दबाब थेग्न सकेन, फुकुवा भयो, ०८०।०८१ को बजेटमा पनि यसै भनियो ।

सामान्य प्रशासन र अर्थ मन्त्रालयले मापदण्ड पनि तोक्यो । सबै अभिलेख पनि पठाउन भनियो, देशैभरिका निकायहरुलाई । १५ दिनभित्र सबै विवरण पठाउन भनियो तर विवरण आएन । देश संघीयतामा गएसँगै कर्मचारीको पदस्थापन, सरुवालगायतका अभिलेख यकिन भएन, छाडा भयो । सरुवा भएको कर्मचारी आफ्नो दरबन्दीमा गएन, तुरुन्तै अर्को ठाउँमा सरुवा गरायो । सरुवापछि रमाना लिएन, एकै दरबन्दीमा दोहोरो पूर्ति पनि भयो, भद्रगोल भयो । एकीकृत सूचना प्रणालीको अभाव र दलीय राजनीतिको छाया पर्न जानाले कर्मचारीमा अनुशासनको अभाव र दलहरुको प्रभाव रह्यो । संघ, संगठनहरुले दलको भ्रातृ संगठनका रुपमा काम गरे । दलमा नलाग्ने निरीह भए । कतिले त नोकरी नै छोडे । स्थानीय तहले एकै वर्षमा करारका कर्मचारीका लागि साढे ८ अर्ब बढी रकम भुक्तानी गरे । एकै आवमा २६९ स्थानीय तहले दरबन्दी नभएका वा दरबन्दीभन्दा बढी भएका कर्मचारीलाई सेवा करार भन्दै १ अर्ब ७८ करोड ३१ लाखसम्म भुक्तानी गरेको खबर बाहिरियो ।

*(साभार: न्यूज अफ नेपाल)*

# कम्प्युटर विज्ञान समाजको प्रबोधिकरण कार्यशाला

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ मकवानपुरका कम्प्युटर विज्ञान अध्यापनरत शिक्षकका लागि कम्प्युटर विज्ञान समाज मकवानपुर ले १ दिने कार्यशाला गोष्ठी आयोजना गरेको छ ।

दिनेश उप्रेतीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको प्रमुख आतिथ्य रहेको थियो । कार्यशालामा भुटनदेवी माविका प्रधानाध्यापक सूर्यप्रसाद न्यौपानेले कार्यक्रमले शिक्षकका लागि विषयवस्तु अध्ययन, प्रश्न निर्माण र आन्तरिक तथा प्रयोगात्मक अंक निर्धारणसम्बन्धी सहजीकरण गरेका थिए । पाठ्यक्रम विकास केन्द्रका विषयविज्ञ तथा प्रशिक्षकद्वय नवीनकृष्ण मास्के र विमल थापाले प्रशिक्षण गरेको कार्यक्रममा २२ विद्यालयका कम्प्युटर ३० शिक्षकको उपस्थित रह्यो ।



प्रशिक्षक मास्केले विद्यार्थी शिक्षकभन्दा अघिअघि गइरहेको सन्दर्भमा शिक्षकलाई चुनौति र अवसर दुबै रहेको बताए । प्रमुखअतिथि सुवेदीले तालिमलाई अवसरको रुपमा लिँदै आफू अनुशासित हुँदै सिकाउने अभियानमा कटिबद्ध भएर लाग्न शुभकामना व्यक्त गरे । अध्यक्ष उप्रेतीले शिक्षकका लागि शैक्षिक सत्रको सुरुवातमै कम्प्युटर विज्ञान अध्यापनमा आइपर्ने समस्या पहिचान र समाधानका लागि सहजीकरण गर्नु नै कार्यक्रमको उद्देश्य रहेको बताए । अन्य विषयगत कार्यशाला तथा तालिम निरन्तर भइरहेको सन्दर्भमा कम्प्युटर विषयका तालिम कम देखिएको तर, अध्यापनरत शिक्षकमध्ये युवाको बाहुल्यता रहेकोले सिकाइका लागि आवश्यक ज्ञान र सिकाइबारे कम्प्युटर विषयका शिक्षक आआफ्नो बलबुतामै पनि निरन्तर अपडेट भइरहेको भुटनदेवी माविका प्रअ न्यौपानेले बताए ।

एनएनटिए अध्यक्ष मुकुन्द न्यौपाने र हेटौंडा मोडर्न माविका प्रअ सुदीप बर्तौलाको आतिथ्यता रहेको कार्यक्रममा सहभागीमध्ये डायमण्ड रुपाखेती र महेश पोदार लगायत शिक्षकले स्थानीय तहले लागू गराएको स्थानीय विषयले कक्षा ६ देखि ८ मा कम्प्युटर विज्ञानलाई विस्थापन गर्ने अवस्था रहेको बताए । प्रबोधिकरण कार्यशालालाई सनराइज पब्लिकेसन प्रालिले प्रायोजन गरेको हो । जनप्रिय माविका शिक्षक संप्रस पौडेलमार्फत् सहजीकरण गरिएको कार्यक्रम भुटनदेवी माविमा सञ्चालन भएको हो ।

# चीन सरकारसँग हातेमालो गर्दै अघि बढ्छौं: मन्त्री पौडेल




साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ वागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकासमन्त्री मधुसुधन पौडेलले उन्नतस्तरको खेतीबालीका लागि चीन सरकारसँग हातेमालो गर्दै अघि बढनुपर्नेमा जोड दिएका छन् ।

आईतवार ललितपुरको वडा नम्बर २१ र दक्षिणकाली नगर पालिकाको विभिन्न स्थानमा चिनियाँ लगानीमा निर्माण गर्न लागिएको ग्रिनहाउस तरकारीखेती नमूनास्थलको शिल्यान्यास गर्दै उनले यो कुरा बताएका हुन् । चीनले विश्वमा उन्नतस्तरको प्रविधिबाट खेती गर्ने गरेकाले त्यसबाट नेपालले पनि सिकेर अघि बढ्नसके ठूलो उपलब्धि हात पार्ने बताए । मन्त्री पौडेलले चीन सरकारको सहयोगमा निर्माण हुन लागेको नमूनास्थल आमनेपाली किसानका लागि फलदायी हुने विश्वास व्यक्त गरे ।

उनले नेपालले खेतीबालीका लागि चीन सरकार सँगको सहकार्यमा अझ जोड दिएर लाग्नुपर्ने अवस्था रहेको बताए । 'कृषिमा अहिले नयाँनयाँ प्रविधि आइसक्यो । चीन संसारको अन्त्यन्त उन्नत मुलुकमा उच्चस्तरको प्रविधिबाट खेती गर्ने एउटा मुलुक र हामी एउटा भर्खरभर्खर बामेसर्न लागेको नेपाली प्रविधि यसमा समायोजना गरेर हामीले अझ धेरै सिक्न सक्छौं, जान्नसक्छौं भन्ने मलाई लागेको छ । मन्त्री पौडेलले वागमती प्रदेश सरकारले पनि खेतीबालीमा नयाँनयाँ प्रविधि भित्राउने कुरालाई प्राथमिकता दिएको दावी गरे ।

यसबारेमा वागमती सरकार पनि चिनियाँ सरकारसँग यस्ता तालिम केन्द्रहरु स्थापना गर्ने र यसमार्फत् नेपाली किसानका लागि, बागमती प्रदेशका सबै जिल्लाका किसानलाई पनि यो फलदायी बन्न सकोस । त्यस हिसावले यसको विकास गरेर लैजान सक्नुपर्दछ । यसका लागि वागमती प्रदेश सरकार चिनियाँ सरकारसँग हातेमालो गरेर अगाडि बढ्न तयार छ' मन्त्री पौडेलले बताए ।

# महाधिवेशनमा जुट्यो रास्वपा, कसरी चयन हुन्छ नेतृत्व ?

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो महाधिवेशन केन्द्रित भएको छ । फागुनमा गर्ने गरी यसअघि तय भएको महाधिवशेनको मिति चुनावका कारणले स्थगित गरेको रास्वपाले अब भने घोषणा हुने मितिमा गर्नेगरी पार्टी संरचना परिचालन गरेको छ । वडा र पालिका अधिवेशन दुई चरणमा गर्ने गरी निर्णय गरिएको छ । महाधिवेशन केन्द्रित हुने गरी समिति गठन नभएका वडाहरुको भेला जेठ २ गतेका लागि बोलाइएको छ ।



पार्टी प्रवक्ता मनिष झाका अनुसार वैशाख २० अघि समिति गठन भएका वडाको अधिवेशनको मिति जेठ ३ गतेका लागि तोकिएको छ । जेठ ९ गते पालिका भेला गर्ने निर्णय गरेको सचिवालय बैठकले वैशाख २५ गते अघि समिति गठन भएका पालिकाहरूको अधिवेशन जेठ १० गते गर्ने निर्णय गरेको छ ।

जेठ ३ अगाडि गठन भएका बाँकी वडा समितिले त्यही महिनाको १६ गते वडा अधिवेशन गर्नुपर्नेछ । जेठ १० गते अगाडि समिति गठन भएका बाँकी पालिकाको अधिवेशन जेठ १७ गतेका लागि तोकिएको छ । जेठ २३ र २४ मा जिल्ला अधिवेशन तोकेको रास्वपाले प्रदेश र केन्द्रीय महाधिवेशनको मिति भने टुंगो लगाएको छैन ।

महाधिवेशनका लागि ६ महिना अवधि राखेर बोलाउनुपर्ने विधानले व्यवस्था गरेको छ । निर्वाचन समितिले केन्द्रीय समितिलाई महाधिवेशन गर्न सिफारिस गरेपछि केन्द्रीय समितिले महाधिवेशनको मिति तोक्नुपर्ने हुन्छ । भदौ वा असोजमा पहिलो महाधिवेशन गर्ने गरी तयारी भएको नेताहरूले जानकारी गराएका छन् । चुनावको छ महिनापछि महाधिवेशन गर्ने गरी सौराहाको विस्तारित बैठकले निर्णय गरेको थियो । तत्कालीन समयमा गरिएको निर्णय अनुसार महाधिवेशन गर्दा भदौमा प्रथम महाधिवेशन गर्नुपर्दछ ।

वडा अधिवेशन सुरु भएसँगै केन्द्रीय महाधिवेशनको प्रक्रिया सुरु भएको छ । चुनाव अघि वडा अधिवशेन सुरु गरेपनि चुनावले गर्दा महाधिवेशनको कार्यतालिका प्रभावित भएको थियो । रास्वपाको निर्वाचन आयोगका अनुसार चुनावअघि ४५२ वडा र ६२ पालिकाको अधिवेशन सकिएको थियो । चुनावपछि दुई सय बढी वडाको अधिवेशन भएको रास्वपाको निर्वाचन आयोगका सचिव भूमिनन्द बरालले जानकारी गराए ।

बरालका अनुसार वडा तहको धमाधम भइरहेको छ । अब तीन साताभित्र वडा तहको अधिवेशन सक्ने लक्ष्य राखिएको बरालले जानकारी गराए । बारा बाहेक अरु जिल्लामा वडा अधिवशेन भइरहेको बरालले जानकारी दिएका छन् । उपल्लो तहको अधिवेशन गर्न मातहतका संरचनाको अधिवेशन सम्पन्न भएकै हुनुपर्दछ । कुनै कारण तल्लो तहको अधिवेशन हुन नसके उपल्लो तहको अधिवेशन गराउन सक्ने अधिकार भने केन्द्रीय समितिलाई छ ।

विधानको यही व्यवस्था टेकेर हुन नसकेका संरचनाको अधिवेशन थाति राखेर भएपनि केन्द्रीय महाधिवेशन गर्ने तयारीमा रास्वपा लागेको छ । केन्द्रीय महाधिवेशन फास्ट ट्र्याकबाट गराउने गरी रास्वपा अघि बढेको नेताहरूले जानकारी गराएका छन् । तदर्थ समिति बने लगत्तै तल्लो तहमा अधिवेशन गरी हाल्ने गरी पार्टी संरचनालाई परिचालन गरिएको संगठन विभागका एक सदस्यले जानकारी गराए । प्रधानमन्त्री बालेन्द्र शाह पक्षबाट समेत संगठनमा समावेश गर्नका लागि कतिपय स्थानका संरचनाहरु भंग गरेर तदर्थ समिति बनाउन संगठन विभागका सदस्यले जानकारी गराए । ती सदस्यले भने, 'जिल्ला समितिहरू भंग गरेर दुवै पक्षबाट हुने गरी तदर्थ समिति बनाउने र तत्कालै अधिवेशन गर्ने गरी पार्टीले तयारी गरेको छ ।' केन्द्रीय तहमा प्रधानमन्त्री शाह पक्ष समावेश भएपनि मातहतको संरचनामा समावेश गर्ने गरी सांगठनिक कार्य भएको छैन ।

**महाधिवेशनमा कति प्रतिनिधि हुन्छन् ?**

राष्ट्रिय महाधिवेशनमा केन्द्रीय समिति सदस्यहरू स्वत: प्रतिनिधि हुनेछन् । केन्द्रीय सल्लाहकार परिषद्, अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोगका पदाधिकारी सदस्य सहभागी हुनेछन् । केन्द्रीय विभागबाट प्रमुख सहित ११ जनामा ३३ प्रतिशत महिला प्रतिनिधि छनोट गर्नुपर्दछ । संघीय संसद्का दुवै सभाका सदस्य र प्रदेश सभाका लागि सांसदहरू महाधिवेशनका लागि स्वत: प्रतिनिधि हुनेछन् ।

राष्ट्रिय सभा र प्रदेश सभामा रास्वपा जनप्रतिनिधि नभएको हुँदा प्रतिनिधि सभाका सदस्य महाधिवेशन प्रतिनिधि हुनेछन् । संशोधित विधान अनुसार केन्द्रीय समितिको आकार १२९ सदस्यीय हुने व्यवस्था छ । हाल रास्वपाको केन्द्रीय समितिको आकार ९२ सदस्यीय छ । उनीहरु स्वत: महाधिवेशन प्रतिनिधि हुने विधानले व्यवस्था गरेको छ ।

प्रदेश समिति, त्यस अन्तर्गत रहेका अनुशासन लेखा, निर्वाचन समितिका पदाधिकारी प्रतिनिधि हुनेछन् । प्रदेश विभागबाट प्रदेश विभागका पदाधिकारीहरू प्रदेश- काठमाडौं सम्पर्क विभागको प्रमुख सहित ३ जना प्रतिनिधि छनोट गर्दा एक जना महिला अनिवार्य हुनुपर्दछ । जिल्ला समितिबाट सभापति सहित ५ जनामा १ महिला अनिवार्य गरिने व्यवस्था छ । जिल्ला- काठमाडौं सम्पर्क विभागको प्रमुख महाधिवेशनको प्रतिनिधि बन्नेछन् ।

संघीय प्रतिनिधि सभा क्षेत्र समिति अन्तर्गत निर्वाचन क्षेत्र संयोजक र संयोजकको मतदाता ठेगाना नभएको प्रदेश निर्वाचन क्षेत्रको उपसंयोजकलाई प्रतिनिधि बनाउने व्यवस्था छ । प्रवास नेपाली सम्पर्क विभाग अन्तर्गत विभिन्न देशमा रहेका प्रवास नेपाली सम्पर्क विभाग तथा त्यसका शाखा समेतबाट प्रतिनिधित्व हुने गरी प्रमुखसहित विभागको नियमावलीमा तोके बमोजिम अधिकतम ११ जना हुने व्यवस्था गरिएको छ ।

पालिका तहबाट सम्बन्धित पालिकाको सभापति वा सभापति सहभागी हुन नसक्ने अवस्थामा समितिले तोकेको समितिकै १ जनालाई महाधिवेशनको प्रतिनिधि हुनेछन् । पालिका अधिवेशनले केन्द्रीय महाधिवेशनका लागि छनोट गर्ने प्रतिनिधिमा २०१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकाबाट १ जना पठाउने व्यवस्था छ । ४०१ भन्दा बढी पार्टी सदस्य भएको नगर पालिकाबाट २ जना, ५०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगर पालिकाबाट ३ जना र ७०१ भन्दा बढी पार्टी सदस्य भएको महानगर पालिकाबाट ४ जना प्रतिनिधि छनोट गर्ने विधानको व्यवस्था छ ।

पालिका प्रमुख र उपप्रमुखमा निर्वाचित महाधिवेशनका स्वत: प्रतिनिधि हुनेछन् । विपत, राहत र उद्दारका लागि केन्द्रीय तहमा गठन भएको न्याटबाट संयोजक सहित पाँच जना केन्द्रीय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

**यस्तो हुनेछ निर्वाचित तहगत संरचना**

महाधिवेशनबाट केन्द्रीय, प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका र वडा गरी छ तहको निर्वाचित समिति बनाउने छ । हरेक तहमा सभापतिमा निर्वाचित हुने व्यक्तिले प्रतिनिधिहरुबाट ५० प्रतिशत मत कटाउनुपर्दछ । केन्द्रीय पदाधिकारीको आकार १३ सदस्यीय हुने व्यवस्था छ । सभापति, उपसभापति (महिला सहित ३) महामन्त्री १, सहमहामन्त्रीमा एक पहिला सहित ३, कोषाध्यक्ष, सहकोषाध्यक्ष, र प्रवक्ता १/१ र सहप्रवक्ता दुई जनामा फरक-फरक लिङ्कको हुनुपर्ने व्यवस्था छ । रास्वपामा हाल वरिष्ठ नेता सहित १ र उपसभापति र महामन्त्री २/२ जना छन् ।

*(स्रोत: अनलाइनखबर)*

# प्रधानमन्त्री कार्यालयमा पनि लेखिँदै छ बजेट ?

काठमाडौं/शनिबार प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा खुलेको एक पोर्टलको लिंक सार्वजनिक भयो । त्यो पोर्टलमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सरकारको नीति तथा कार्यक्रम तथा बजेटका लागि सुझाव मागिएको छ । 'नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय सुझाव संकलन पोर्टल' नाम दिइएको उक्त पोर्टलको परिचयमा लेखिएको छ, 'नेपाली जनताको आवश्यकता तथा अपेक्षा आत्मसात गर्दै बजेट, नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी प्रक्रिया पारदर्शी, प्रभावकारी तथा सहभागिता मूलक बनाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सुझाव संकलन सार्वजनिक पोर्टलको शुभारम्भ गरिएको छ ।'

पोर्टल यस्तो बेला सार्वजनिक गरियो, जुन बेला नीति तथा कार्यक्रम लेखन करिब सम्पन्न भइसकेको छ । किनकि, नीति तथा कार्यक्रम सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले सार्वजनिक गर्ने तय भइसकेको छ । त्यसो हुँदा नागरिकबाट आएका सुझाव नीति तथा कार्यक्रममा समेट्ने सम्भावना कम छ ।

सार्वजनिक बिदाबीच शनिबार र आइतबार नै पोर्टलमा आम नागरिकले व्यापक सहभागिता जनाइसकेका छन् । आइतबार साढे ४ बजेसम्म कुल ६ हजार ७ सय ५ सुझाव नागरिक स्तरबाट आएकोमा ३ हजार ३ सय ५ सुझाव नीति र २ हजार २ सय ४५ सुझाव बजेटसँग सम्बन्धित छन् । यस पोर्टललाई प्रधानमन्त्री कार्यालयले बजेटकै सुझाव संकलनमा केन्द्रित गरी सार्वजनिक गरिएको देखिन्छ ।

परिभाषित जिम्मेवारी अनुसार नीति तथा कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नै तयार पार्दै आएको छ । यद्यपि, यसमा योगदान सबै मन्त्रालयले गर्छन् । बजेट तयारी र लेखन भने अर्थ मन्त्रालयले गर्छ । सोही अनुसार मन्त्रालयले बजेट लेखनमा खटिने डेडिटेकेटेड टिम नै बनाएर काम गर्ने गर्छ ।

बजेटका लागि आवश्यक सुझाव संकलन, सरोकारवालासँग बजेटपूर्व छलफल र सुझाव संकलनमा अर्थमन्त्री स्वयं खटिने गर्छन् । जसमा वर्तमान अर्थमन्त्री डा. स्वर्णिम वाग्ले उत्तिकै खटिएका छन् । विगतमा पनि सरकारले बजेटका लागि नागरिकसँग सुझाव माग्ने गर्थ्यो । तर, त्यो काम अर्थ मन्त्रालयले नै गर्ने परम्परा थियो । विगतमा प्रधानमन्त्री कार्यालयले बजेट लक्षित सुझाव माग्ने अभ्यास थिएन । तर, यसपालि जसरी बजेट सुझावका लागि प्रधानमन्त्री कार्यालय पोर्टल नै सार्वजनिक गरियो, त्यसले प्रधानमन्त्री कार्यालय बजेट लेखनमा सक्रियतापूर्वक खटिएको संकेत गर्छ ।

अर्थ मन्त्रालयका अधिकारीहरू पनि प्रधानमन्त्री कार्यालयले यसरी बजेट सुझाव संकलन थालेकोमा अचम्भित छन् । 'यसअघि अर्थ मन्त्रालयले नै नागरिकहरू तथा विभिन्न सरोकारवालासँग सार्वजनिक रूपमा सुझाव संकलन गर्ने गरेको थियो,' मन्त्रालयका एक अधिकारीले नाम उल्लेख नगर्ने सर्तमा संचारकर्मीसँग भने, 'यसपालि हामी पनि सरोकार वालासँग सुझाव लिइरहेका छौं, तर प्रधानमन्त्री कार्यालयबाट बजेट सुझाव संकलन थालिएको समाचार पढेर थाहा पायौं, त्यसरी संकलित सुझाव प्रधानमन्त्री कार्यालयबाट एकमुष्ट रूपमा अर्थ मन्त्रालयमा आउँछ होला ।'

सरकारी अधिकारीबीच नै प्रधानमन्त्री कार्यालयमा बजेट तयारीको समान्तर काम भइरहेको खासखुस हुन थालेको लामै समय भइसकेको छ । तर, अर्थ मन्त्रालय बाहिर बजेट लेखन अभ्यास भने अहिलेसम्म नभएकाले त्यो हल्ला मात्रै होला भन्ने धेरैको अनुमान थियो । तर, प्रधानमन्त्री कार्यालयले बजेट सुझाव नै मागेपछि भने त्यो आशंकालाई बल पुगेको छ ।

'प्रधानमन्त्री कार्यालयले बजेट वक्तव्य लेखनकै काम त नगर्ला तर योजना राख्ने हटाउने, नीतिगत व्यवस्था गर्ने हटाउने लगायत धेरै काममा भने कार्यालयले सक्रिय भएर लागेको चाहिँ स्पष्ट छ,' सम्बद्ध स्रोतले भन्यो । अर्थमन्त्री निकट स्रोत भने सुझाव पोर्टल प्रधानमन्त्री कार्यालय मार्फत सार्वजनिक गरिए पनि त्यसमा आउने सुझाव हेर्न सक्ने 'एक्सेस' अर्थमन्त्रीलाई समेत रहेको बताउँछ ।

बजेट लेखन र यसका सबै प्रक्रिया अर्थमन्त्रीकै नेतृत्वमा भइरहेकोमा कुनै आंशका नरहेको मन्त्रीनिकट एक स्रोतले बतायो । 'निकै राम्रो बजेटको तयारी छ, जुन मन्त्रिज्यूको नेतृत्वमा बनिरहेको छ,' अर्थमन्त्री निकट स्रोतले भन्यो । सरकारको नेतृत्व तहबाट बजेटमा राख्न सकिने सुझाव जनताबाट माग गर्नुलाई अर्को दृष्टिकोणले अनुमान गर्न नहुने समेत उनले बताए ।

**बजेट लेखन टोलीमै फेरबदल**

अर्थ मन्त्रालयले बजेट लेखनका लागि एक महिनाअघि गठन गरेको कोर टिममा पुन: फेरबदल गरिएको छ । मन्त्रिपरिषद्ले सहसचिवहरूको सरुवा गर्दा सोही टोलीमा परेका सहसचिवहरूको समेत सरुवा भयो । जसले गर्दा अहिले नयाँ टिम गठन गरी काम भइरहेको छ । यसअघि अर्थ मन्त्रालयले सहसचिवहरू उत्तर कुमार खत्री, डा. सुमन दाहाल, डा. धनिराम शर्मा, महेश भट्टराई र सेवन्तक पोखरेललाई बजेट लेखन टोलीमा राखेको थियो । तीमध्ये भट्टराई र पोखरेललाई अर्थ मन्त्रालयबाट प्रदेशतिर सुरुवा गरियो । उनीहरूको ठाउँमा अहिले सहसचिवहरू अमृत लम्साल र टंकप्रसाद पाण्डेयलाई समावेश गरी टिम पुनर्निर्माण गरिएको छ ।

बजेटको कोर टिममा खटिइसकेको टोली सदस्यलाई सरुवा गर्नु सरकारको 'अपरिपक्व' निर्णय भएको मन्त्रालयकै एक अर्का अधिकारी बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# बागमतीमा उपचारात्मक स्वास्थ्यशिविर

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारका सदस्यलाई लक्षित गरी मकवानपुरको बागमती गाउँपालिकामा उपचारात्मक स्वास्थ्यशिविर सञ्चालन गरिएको छ ।

मकवानपुर अपाङ्ग उत्थान समाजको आयोजना र बागमती गाउँपालिकाको आर्थिक सहयोगमा झुरझुरेस्थित सामुदायिक आँखा केन्द्रमा शिविर सञ्चालन भएको हो । शिविरमा ५० जनाभन्दा बढी सेवाग्राहीले स्वास्थ्यपरीक्षण, उपचार तथा परामर्श सेवा लिएका थिए । अपेक्षाभन्दा बढी सेवाग्राहीको सहभागिता रहेको आयोजकले जनाएको छ ।



शिविरमा सहभागीलाई स्वास्थ्यपरीक्षण, आवश्यक उपचार तथा स्वास्थ्यसम्बन्धी परामर्श सेवा प्रदान गरिएको थियो । विशेषगरी अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीको उपस्थितिमा सेवा उपलब्ध गराइएको मकवानपुर अपाङ्ग उत्थान समाजले जनाएको छ ।

समाजका सचिव कान्तिराज मैनालीले शिविर प्रभावकारी र उपलब्धिमूलकरुपमा सम्पन्न भएको बताउँदै आगामी दिनमा पनि यस्ता स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको जानकारी दिएका छन् । उनले अपाङ्गता भएका व्यक्तिलाई सहज र पहुँचयोग्य स्वास्थ्यसेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको उल्लेख गरे ।

स्थानीयवासी तथा सेवाग्राहीले गाउँपालिकाको सहयोगमा सञ्चालन गरिएको कार्यक्रमबाट प्रत्यक्ष लाभ पुगेको बताएका छन् ।

उनीहरुले ग्रामीणक्षेत्रमा यस्ता उपचारात्मक तथा स्वास्थ्य सचेतनामूलक कार्यक्रम नियमितरुपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । शिविरले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्यसेवामा पहुँच विस्तार गर्न तथा समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुगेको आयोजकको विश्वास रहेको छ ।

# ट्रयाम्फ मोटरसाइकल शोरुम सञ्चालनमा



साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ हेटौंडामा ट्रयाम्फ मोटरसाइकल शोरुम आइतबारदेखि सञ्चालनमा आएको छ । शोरुमका सञ्चालक रवि शर्मा कँडेलले शनिबार पत्रकार सम्मेलन गरेर शोरुम तथा मोटरसाइकलका बारेमा जानकारी गराएका थिए ।

आइतबार विधिवतरुपमा शोरुमको उद्घाटन गरिएको हो । शोरुम हेटौंडा-११, थानाभन्याङस्थित पूर्वपश्चिम राजमार्ग सडकखण्डमा सञ्चालन गरिएको छ । सञ्चालक कँडेलका अनुसार ट्रयाम्फ मोटर साइकलका ३ वटा भेरियन्टहरु नेपाली बजारमा आएका छन् । मोटरसाइकलको सुरुवाती मूल्य ६ लाख ७० हजार रहेको छ भने भेरियन्टअनुसार मूल्यमा थोरै फरक पर्नेछ । बालुवा, हिलो तथा सुखा सडकमा सजिलै गुडाउन सकिने मोटरसाइकलको मुख्य विशेषता रहेको बताइएको छ ।

मोटरसाइकलको माइलेज २८ किलोमिटर प्रतिलिटर रहेको छ । मोटरसाइकल उत्पादन गर्ने ब्रिटिस कम्पनी भएपनि भारतमा बजाज कम्पनीसँग मिलेर उत्पादनहरु गर्दै आएको शोरुमका सञ्चालक कँडेलले बताए । नेपालको काठमाडौं, चितवन र विराटनगर लगायत ठाउँमा मात्र पाइने ट्रयाम्फ मोटरसाइकल अबदेखि हेटौंडाबाट पनि बिक्री हुने भएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### पेट्रोलियम तथा डिजेल सवारीलाई क्रमश: विद्युतीय सवारीतर्फ रुपान्तरण गर्ने राज्यको नीति

# यातायात क्षेत्र प्रविधिमैत्री हुनुपर्छः मन्त्री थापा

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ बागमती प्रदेशका श्रम रोजगार तथा यातयात मन्त्री जयराम थापाले यातायातक्षेत्रलाई प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिएका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौं महाधिवेशनमा उनले यातायात क्षेत्रलाई २१ औं शताब्दीको प्रविधिसँग प्रतिष्पर्धी बनाउन नीतिगत सुधार, प्रविधिमैत्री प्रणाली र व्यवसायीको एकता आवश्यक रहेको बताएका छन् । उनले कुनैपनि देशको विकासको स्तर त्यहाँको यातायात प्रणालीबाट मापन गर्न सकिने बताएका छन् । मन्त्री थापाले सार्वजनिक यातायातमा जीपीएस जडान, प्रविधिमैत्री मापदण्ड र पेट्रोलियम तथा डिजेल सवारीलाई क्रमश: विद्युतीय सवारीतर्फ रुपान्तरण गर्ने राज्यको नीति रहेको उल्लेख गरे ।



यसमा सहयोग गर्न उनले यातयात व्यवसायीलाई आग्रह गरेका छन् । यातायात क्षेत्रमा धेरै संघसंस्था हुँदा एउटै विषयमा फरकफरक धारणा आउने गरेको उल्लेख गर्दै मन्त्री थापाले ऐन र मापदण्ड निर्माणमा अन्योल सिर्जना हुने बताए । उनले अधिकार प्राप्तिका लागि व्यवसायी पहिले आफैं एकीकृत र बलियो हुनुपर्नेमा जोड दिए । मन्त्री थापाले सवारी साधन भित्र्याउँदा अन्तर्राष्ट्रिय कम्पनीले ल्याएका मापदण्ड नेपाली सडक र भूगोलअनुकूल छन् वा छैनन् भन्ने मूल्यांकन गरेर मात्रै ल्याउन आग्रह गरे । 'देशको विकासको मोडेल कुनस्तरमा पुग्यो ? भन्ने कुरो त्यहाँको यातायातको साधन चढ्दा थाहा हुन्छ' उनले भने ।

'अब सातौं अधिवेशनबाट प्राप्त हुने नेतृत्वहरुले २१ औं शताब्दीका प्रविधिमूलक चिजहरुसँग प्रतिष्पर्धा गर्नुपर्ने छ । हामी आफै सच्चिनुपर्ने छ, राज्यले नीति निर्माण बनाउने कुरोमा सुधार गर्नुपर्ने अवस्था छ । आफूले लगानी गरेकोलाई सुरक्षित गर्नुपर्ने अवस्था छ । यसमा आवद्ध भएका कामदारको सुरक्षाको व्यवस्था गर्नुपर्नेछ । तिनीहरुलाई राज्यको मूलधारमा सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नुछ र जनतालाई सेवा पनि दिनुपर्ने अवस्था छ । यी कुराहरुमा ध्यान दिन दिँदै राज्यले बनाउँदै गरेको ऐनमा तपाईंको धाराणा के हो, सुझाव दिन आग्रह गर्दछु । तपाईंको सेवाको ग्यारेन्टी के हुनसक्छ ? अहिले हामीले केन्द्रदेखि तल प्रदेशसम्म प्रविधिमैत्री भनिरहेका छौं' उनले भने ।

'सार्वजनिक यातायातमा जिपिएस जडान गर्ने कुरा छ, मापदण्ड बनाउने कुरा छ । पेट्रोलियम डिजेल गाडीलाई इभीमैत्री बनाउँदै लिएर जानुपर्ने राज्यको अभिभारा छ, त्यसमा तपाईंहरुको धारणा के हो ? पहिला तपाईंहरु नै एकजुट हुने कुरामा लाग्नुस् । धेरै संघसंस्था हुँदाखेरि हामीले कुनै ऐन परिवर्तन गर्न लाग्यौं, कुनै मापदण्ड तयार गर्न लाग्यौं भने तपाईंहरुको अर्गनाइजेसनपिच्छे फरकफरक धारणा आउँछ । मुल धारणा केलाई मान्ने ? त्यहाँ अलमल हुनसक्छ' उनले भने ।

'पहिला राज्यसँग अधिकार लिनको लागि तपाईंहरु आफू बलियो हुनुपर्यो । तपाईंहरुले ल्याउने पुँजीको सुरक्षा गर्नको लागि राज्यले कस्तो नीति अवलम्बन गर्नुपर्छ ? तपाईंहरुले कुदाउने गाडी कस्तो हुनुपर्छ ? पेट्रोल र डिजेलको मापदण्ड कस्तो बन्नुपर्छ ? इभी गाडीको मापदण्ड कस्तो बन्नुपर्छ ? इन्टरनेसनल मल्टि कम्पनीले ल्याएको विभिन्न किसिमका मापदण्ड नेपालको माटो सुहाउँदो छ कि छैन ? नेपालको रोड सुहाउँदो छ कि छैन ? पहिला राष्ट्रियतालाई ख्याल गरेर तपाईंहरुले डिसिजन गर्नुस्' उनले भने ।

मन्त्री थापाले यातयात क्षेत्र सुधारको लागि राज्यले नीति निर्माणमा सुधार गर्नुपर्ने बताए । लगानीकर्ताको पुँजी सुरक्षित गर्न तथा यातायातक्षेत्रमा कार्यरत चालक, सहचालक र कामदारलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्ने आवश्यकता उनले औंल्याए । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले यातायात व्यवसायीलाई राज्यले अपराधीको जस्तो व्यवहार गर्न बन्द गर्नुपर्ने बताए । अध्यक्ष स्वाँरले दुर्घटनापछिको अवस्थामा व्यवसायीलाई थुन्ने र तर्साउने कार्यले लगानीकर्ता निरुत्साहित भएको भन्दै राज्यको ध्यानाकर्षण गराए ।

उनले व्यवसायी अपराधी नभएको स्पष्ट पारे । अध्यक्ष स्वाँरले वर्तमान बीमा पोलिसीमा रहेका कमजोरीका कारण व्यवसायी मारमा परेको उल्लेख गरे । अध्यक्ष स्वाँरले सरकारले फास्टट्र्याकबाट बीमा नीतिमा परिमार्जन गर्नुपर्ने र बीमा पोलिसी बुझाइसकेपछि व्यवसायीले कानूनी उन्मुक्ति पाउने सुनिश्चितता हुनुपर्ने माग गरे । निजीक्षेत्रको लगानीबिना राज्य अगाडि बढ्न नसक्ने जिकिर गर्दै स्वाँरले यातायात क्षेत्रलाई व्यवस्थित उद्योगकारुपमा रुपान्तरण गर्नुपर्नेमा जोडदिए । राज्यले साझा यातायात जस्ता संस्थामा अर्बौं लगानी गरेपनि प्रतिफल प्राप्त हुन नसकेको उदाहरण दिँदै उनले देशभरका निजी व्यवसायीले आफ्नै लगानीमा सेवा दिइरहेको स्मरण गराए ।

उनले यो पेशालाई 'गरिखाने' माध्यमबाट माथि उठाएर मर्यादित उद्योग बनाउन राज्यले नीतिगत वातावरण बनाइदिनुपर्ने बताए । 'घरमा सुतिरहेको व्यवसायीलाई चोर वा अपराधीलाई जस्तै पक्राउ गरेर थाना लैजाने र बार्गेनिङ गर्ने काम बन्द हुनुपर्छ । हामी राज्यलाई अर्बौं राजश्व बुझाउने जिम्मेवार नागरिक हौं । त्यसैले राज्यले व्यवसायीलाई अभिभावकत्व प्रदान गर्नुपर्छ । हामी बीमा पोलिसी परिवर्तन गर्न तयार छौं तर, बीमा प्रक्रिया पूरा भएपछि व्यवसायीलाई अपराधीको रुपमा थुन्ने काम रोकिनुपर्छ' अध्यक्ष स्वाँरले बताए ।

यातायातक्षेत्रको अधिकार प्रदेशमा आइसकेको सन्दर्भमा उनले तीनै तहका सरकारबीच नीतिगत समन्वय हुनुपर्ने बताए । संघीय सरकारले राष्ट्रिय नीति बनाउने, प्रदेश सरकारले कर र सुविधा तोक्ने र स्थानीय तहले व्यवस्थापनको जिम्मेवारी लिने गरी स्पष्ट कार्यविभाजन हुनुपर्ने उनको सुझाव छ । महासंघको आसन्न निर्वाचनका बारेमा जानकारी दिँदै अध्यक्ष स्वाँरले यसपटक ई-भोटिङ (विद्युतीय मतदान) प्रणाली अपनाउन लागिएको बताए ।

## मनहरीमा आदिवासी जनजाति संग्रहालय स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ पश्चिम मकवानपुरको मनहरी गाउँपालिका-७ मा आदिवासी जनजाति समुदायको पहिचान झल्कने सामग्री संकलन गरी आदिवासी जनजाति संग्रहालय स्थापना गरिएको छ ।

मनहरी गाउँपालिकाले दुई आर्थिक वर्षमा गरी ३५ लाख रुपैयाँ लगानी गरी बुद्धशान्ति हरित पार्कक्षेत्रमा भवन निर्माण सम्पन्न गरेपछि संग्रहालय सञ्चालनमा ल्याइएको हो । जिल्ला प्रशासन कार्यालय मकवानपुरमा संस्था दर्ता ऐन २०३४ बमोजिम आदिवासी जनजाति संग्रहालय दर्ता गरी सुरुवात गरिएको संस्थापक अध्यक्ष खुशीलाल मोक्तानले बताए । उनका अनुसार संग्रहालयमा विभिन्न आदिवासी जनजातिले जीवनयापनका सिलसिलामा प्रयोग गर्ने परम्परागत सामग्री संकलन गरी प्रदर्शन गर्न थालिएको छ ।

तत्कालका लागि संग्रहालय हरेक शनिबार खुल्ने व्यवस्था छ । संग्रहालय जनजाति समुदायले माछा मार्न प्रयोग गर्ने ढडिया, फुर्लुङ, मकै पिस्ने जाँतो, गुलेली, पुरानो क्यासेट, रेडियो सेट, सिडी प्लेयर, ढ्यांग्रो, पेरुङ्गोलगायत थुप्रै सामग्री राखिएका छन् । 'आइटीमा अभ्यस्त नयाँपुस्ताका लागि अध्ययनको विषयवस्तु बनोस् भनेर हामीले संग्रहालय स्थापना गरेका हौं,' अध्यक्ष मोक्तानले भने, 'स्थानीयले दान दिएका सामग्री पनि राखेका छौं ।' भविष्यमा सरकारीस्तरबाट लगानी बढाएर सामग्री थप्ने योजना रहेको उनले सुनाए ।

पश्चिम मकवानपुरको राक्सिराङ, कैलाश र मनहरी गाउँपालिका जनजाति चेपाङ, तामाङ, मगर, राई, वनकरिया, बोटेलगायतको बसोबास बढी भएको क्षेत्र हो । आफ्नो पहिचान मेटिँदै गएकाले संग्रहालय स्थापना गर्नुपरेको जनजाति अगुवाले बताउने गरेका छन् ।

## ७ जना व्यक्तित्व सहित एक संस्था सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान मकवानपुरले विभिन्न विधाका ७ जना व्यक्तित्व सहित एक संस्थालाई सम्मान गरेको छ ।

प्रतिष्ठानको २३ वार्षिक साधारणसभा एवम् ८ औं अधिवेशनको अवसरमा आयोजित कार्यक्रममा सम्मान गरिएको हो । १५ हजार रुपैयाँ राशीको तुलसीमाया-शिवकुमारी सृजनशील नारी पुरस्कार मकवानपुरकी हस्तकला प्रशिक्षक रविना श्रेष्ठ प्रदान गरिएको छ । यो पुरस्कार मुक्तिगोविन्द वैद्यले स्थापना गरेका हुन् । यस्तै, विन्दुगोपाल गोर्खाली संस्थापक रहेको १० हजार रुपैयाँ राशीको भीम-मथुरा बालप्रतिभा पुरस्कारबाट सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीमा अध्ययनरत् उदीयमान गायिका अक्सा खातुनलाई सम्मान गरिएको छ ।

आशीष श्रेष्ठले स्थापना गरेका १५ हजार रुपैयाँ राशीको शिला नारी पुरस्कार मकवानपुरकी संगीता थापा मगरलाई प्रदान गर्दा चुनु बानियाँ संस्थापक रहेको २० हजार रुपैयाँ राशीको रामकृष्ण बानियाँ स्मृति लोकसंगीत पुरस्कार लोकगायक राजु परियारलाई समर्पित गरिएको छ । १५ हजार रुपैयाँ राशीको चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार साहित्य संगम मकवानपुरलाई प्रदान गरिएको छ । यो पुरस्कार रामबहादुर पाखिनले स्थापना गरेका हुन् । देवप्रसाद श्रेष्ठ र दीपकप्रसाद श्रेष्ठ संस्थापक रहेको १० हजार रुपैयाँ राशीको मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कारबाट स्वास्थ्यकर्मी राजु गुरुङ सम्मानित भएका छन् ।

त्यस्तै, रोशन सेन गुप्ताले स्थापना गरेको १० हजार रुपैयाँ राशीको अजित सेन गुप्ता भित्र क्षमता पुरस्कार थाहा नगरपालिका चित्रकार अमिर भोम्जनलाई र चम्पा कोजु संस्थापक रहेको १० हजार रुपैयाँ राशीको इन्द्रकुमार कोजू स्मृति पुरस्कार ज्ञानोदय बालवाटिका आवासीय माविमा अध्ययनरत् अप्सना उप्रेतीलाई प्रदान गरिएको छ । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा सम्मान कार्यक्रम भएको हो ।

वरिष्ठ कलासाधक भीम विरागको सम्मानमा २०५९ सालमा स्थापना गरिएको प्रतिष्ठानले देश तथा विदेशमा रहेर नेपाली वाङ्मय क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका स्रष्टा तथा सर्जकलाई सम्मानित गर्दै आएको छ ।

**प्रतिष्ठानमा पुनः श्रेष्ठकै नेतृत्व**

अधिवेशनले ३ वर्षे कार्यकालको लागि पुन: केशवलाल श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा श्यामकुमार बानियाँ, महासचिवमा माधवबहादुर पोखरेल, कोषाध्यक्षमा दिनेश सुवेदी र सचिवमा आशा ढकाल चयन भएका छन् । यसैगरी सदस्यहरुमा गहन चौलागाईं, बालकृष्ण चौलागाईं, पदमलाल श्रेष्ठ, शर्मिला श्रेष्ठ, अन्जन दाहाल, प्रह्लाद मिश्र र गोपिनी गौतम रहेका छन् ।


## सहकारी संस्थाहरुको संयुक्त साधारणसभासम्बन्धी

**सूचना ! सूचना !! सूचना !!!**

दुबै संस्थाको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको संचालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको संचालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरु समेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजाँच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनको साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

एकिकरण गरिने संस्था:

- ☞ श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-८
- ☞ श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१

साधारण सभा हुने: **मिति** : २०८३/२/२३ गते, शनिबार
**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा-८
**समय** : बिहान ११:०० बजे


*(**नोट:** सँस्था एकीकरण गर्ने सँयुक्त साधारण सभा मिति २०८३/२/२ गते गर्ने भन्ने निर्णय भएकोमा नगर पालिकाको कार्यबिधि अनुसार निर्धारित मितिमा गर्न नमिल्ने भएकोले सो सभा नगरपालिकाको कार्यविधि अनुसार मिति २०८३/२/२३ गते शनिवार पुर्व निर्धारित समय र स्थानमा गर्नको लागि सम्पूर्ण सञ्चालक समिति, लेखासमिति, सल्लाहकार सबैमा निर्णयार्थ प्रस्तावित गर्दछु ।)*






# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि



**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



## डेंगु रोगको लक्षण तथा बच्ने उपायहरूका सम्बन्धमा जनहितका लागि जारी सूचना:

**डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्न सक्छ ।**

**अन्य लक्षणहरू:**

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरू दुख्ने,
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा विमिरा आउने ।



डेंगु संक्रमणबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि सावधानी अपनाउनुहोस् ।




**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**हेटौंडा, मकवानपुर**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना